# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

## प्रजातन्त्र दिवसको अवसरमा बधाई

लोकतन्त्र दिवस तथा सफल जनआन्दोलन - २ को पहिलो वार्षिकोत्सवको अवसरमा संयुक्त राज्य अमेरिका नेपाली जनतालाई बधाई दिन चाहन्छ। एक वर्ष अगाडि आजको दिनमा नेपाली जनताले लोकतन्त्रतर्फ ठूलो फड्को मारेका थिए।

ठूलो बलिदानयुक्त जनआन्दोलन २०६२/६३ मा जनताको विजय भएको थियो। शान्तिपूर्ण, लोकतान्त्रिक तथा समुन्नत भविष्यतर्फको यात्रामा नेपाली जनतालाई साथ दिन पाउनुमा संयुक्त राज्य अमेरिकाका गर्व गर्दछ।

सबल र सुरक्षित भविष्यको सुनिश्चितताका लागि जनआन्दोलन - २ मा सहभागी सबै पक्षलाई शान्ति र लोकतन्त्रप्रति प्रतिबद्ध रहन हामी आग्रह गर्दछौं। साथै पिछडिएका समुदायहरुलाई समावेश गरी नेपालको लोकतान्त्रिक परिवर्तनका लागि उनीहरुको समर्थन र सहभागिता प्राप्त गर्ने प्रयासहरुको हामी स्वागत गर्दछौं।

###